# पुचौंडी नगरपालिका

हाँट, बैतडी

# बार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०७८/७९

२०७८ साल असार १० गते

पुर्चौडी नगरपालिकाको नवौं नगर सभामा उपस्थित सभा सदस्यज्युहरु,

विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको प्रभाव यस नगरपालिकामा समेत परेको छ । यस चुनौतिपूर्ण र असहज परिस्थितिमा यस गरिमामय नगर सभाको नवौं नगर सभामा आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै छु ।

मुलुकमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । साथै विभिन्न राजनितिक आन्दोलनका क्रममा बेपत्ता नागरिक, घाइते योद्दाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।
कोरोना महामरिबाट संक्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका नेपाली नागरिकप्रति हार्दिक श्रदान्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समवेदना ब्यक्त गर्दछु । त्यसै गरी उपचाररत सम्पूर्ण दाजुभाइ तथा दिदी-बहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

कोरोना महामारीको उच्च जोखिमको परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने सम्पूर्ण स्वास्थ्यकर्मी जनप्रतिनिधि तथा रास्ट्रसेवकको उच्च प्रसंशा गर्दछु । महामारीको रोकथाम र नियन्त्रणका लागि सरकारबाट भएको मार्गदर्शन तथा सहयोगका लागि प्रदेश र केन्द्र बाट भएको समन्वय र सहकार्यका लागि हार्दिक आभार प्रकट गर्दछु । स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरि पालिकालाई सहयोग गर्नु भएकोमा सम्पूर्ण दाजुभाई दिदि बहिनीहरुलाइ धन्यवाद ज्ञापन गर्दछु ।
पालिकाले कोरोना महामारीको दोस्रो लहरबाट जनताको जीवन रक्षाका लागि आफुसंग भएको स्रोत र साधनको उपलब्धता एवं अधिकारक्षेत्रका आधारमा कटिबद्ध रुपमा काम गर्दै आएको छ ।

भौगोलिक विकटताका कारण प्रयाप्त भौतिक पुर्बाधार र औद्योगिक बिकास नभएकाले हाम्रो पालिकाभित्र आन्तरिक आय लक्ष्य अनुसार हासिल गर्न कठिनाई छ । स्थानीय सापेक्षतामा रोजगारीका अवसरका क्षेत्रहरुको पहिचान र कार्यान्वयन हुन नसकेकाले आन्तरिक रोजगारी कमजोर अवस्थामा छ । उता बिश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीका कारण देश बिदेशमा रोजगारीका अवसरहरु गुमाएर यस पालिकाभित्र पनि धेरै युवाहरु फिर्ता आइरहेका छन । महामारी छिटै नियन्त्रणमा आइ नहाले अवस्था अझ बिकराल हुन सक्ने बिज्ञहरुले आँकलन गरेका छन् । यसले समुन्नत पालिका बनाउने हाम्रो ध्येयमा समेत बाधा पुराइ समग्र आर्थिक कारोबार लाई समेत नकरात्मक प्रभाव पार्न सक्दछ । नेपालको संविधानले प्रत्याभुत गरेको व्यवस्था अनुसार स्थानीय सरकार मार्फत सिंहदरबारमा केद्रित शासकिय शक्तिलाई जनताको घरदैलोमा आएको चार बर्ष पुरा भइसकेको यस अवधिमा स्थानीय सरकार संचालन ऐन,२०७४ लागु भएकोले स्थानीय सरकार संचालनका केही अस्पष्टता देखिन्छ अझै पनि संघिय सरकार, प्रदेश सरकार, हामीले पनि थुप्रै ऐन, नियम, कार्यबिधिहरु निर्माण गर्न बाकी रहेका देखिन्छन ।

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघिय प्रणालीलाई संस्थागत गर्न पालिकाले नेपाल सरकार र प्रदेशसंग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्दान्त बमोजिम कार्य गर्दै आएको छ ।
आर्थिक समृद्धि, सुशान र विकासको मार्गमा नगरपालिका निरन्तर अघि बढिरहेको छ । यस पालिकालाई आत्मनिर्भर बनाउन कृषि, पर्यटन, जलस्रोत, खानि उत्खनन, जडीबुटी, रोजगार क्षेत्र र अन्य क्षेत्रको विकास, बिस्तार र सुदृढिकरण गरि समृद्ध नगरपालिका निर्माण गर्न हामि सबै दृढ संकल्पित छौं ।

कोभिड-१९ माहामारीको दोस्रो लहरको जोखिक बढ्दै जादा हाम्रा सामु चुनैतिहरु थपीएका छन्। संक्रमण जोखिम कायम रहने अवधि र यसको प्रभाव अझै यकिन हुन् सकेको छैन। संकटको यस समयमा प्रत्येक नेपालीको जीवनरक्षाको अभिभारालाई पालिकाले सर्वोच्च प्राथमिकता दिएको छ पालिकाले महामारीकै बिचमा पनि स्वास्थ्य सजगता अपनाउदै आर्थिक गतिविधिलाई निरन्तरता दिन प्रतिबद्ध छ ।

नगर सभाका सदस्य ज्युहरु,

कोभिड-१९ महामारीले सिर्जना गरेको हाम्रो जिवनकालकै सर्वाधिक चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै नागरिकको जीवन रक्षा गर्न र पालिकाको आर्थिक गतिविधिलाई गतिशील तुल्याउदै पुनरुउत्थान गर्न सकिन्छ भन्ने दृढ विश्वासका साथ अब म यस सम्मानित सदनमा आ.ब.२०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम लाई बुदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## (क). आर्थिक विकास क्षेत्रः

१. कोरोना भाइरस बाट प्रभावित भारत लगायत बिभिन्न मुलुक बाट रोजगारी गुमाई स्वदेश भित्रिएका युवा हरुको सिप र श्रमको उपयोग गरी कृषि पेशमा संलगन हुन चाहाने कृषकहरु लाई बेमौसमि तरकारी खेतिको आवश्यक पुर्वाधारहरुको निर्माण गर्न अनुदान मुलक कार्यक्रम संचालन गरिनेछ ।

२. कृषि उत्पादन वृद्धि गरि आयातलाई प्रतिस्थापन गरि निर्यात प्रबर्द्धनका लागी कृषि सम्वन्धी ज्ञान तथा सिप हासिल गरेका कृषि पेशामा रहेका संलगन हुन चाहाने युवा तथा व्यवसायी हरुको लागी मागमा आधारित व्यवसायीक कृषि बिकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गर्न कृषि पकेट क्षेत्र निर्माण गरिने छ।

३. परम्परागत रुपमा गर्दै आएको निर्वाहमुखी कृषि प्रणाली लाई व्यवसायीक बनाउदै लगिनेछ।

४. स्थानीय सिप र पुजिंको समुचित परिचालनको लागी बाँस, निगाला खेति लगयातका अन्य व्यवसाय प्रवर्द्धन गर्न लघु उद्यम प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

५. महिलाको उद्यमशीलता विकासका लागि उद्यमी महिला लक्षित कार्यक्रम संचालन गर्नका लागि उद्यम विकास शाखा मार्फत कार्यक्रम संचालन गरिनेछ।

६. विगत आ.व.हरु देखि नै संचालन हुदै आएको साना सिचाई कार्यक्रम लाई थप विस्तार गर्दै योजनाहरु संचालन गरिने छ।

७. उद्योग बाणिज्य संघ तथा अन्य सरोकारवाला निकायसंग समन्वय गरी स्थानीय ब्यापारको प्रवर्द्धन तथा हाट बजार ब्यवस्थापनको उचित प्रबन्ध गरिनेछ। ब्यवसायिक फर्मको दर्ता, अनुमति र नविकरण जस्ता कार्यलाई आधुनिकीकरण गरीनेछ।

८. सुदूर पश्चिम प्रदेशकै प्रसिद्ध धार्मिक तथा ऐतिहासिक महत्व बोकेका सास्कृतिक सम्पदा हरुको सरक्षण समबर्द्धन गर्दै दीर्घकालिन बिकासका लागि गुरुयोजना तर्जुमा गरिनेछ।

## (ख). सामाजिक विकास

१०. कोरोना भाइरसका कारण बिद्यालय पूर्ण रुपले बन्द भएको यस विषम अवस्थामा मानव संशाधन विकासको मुख्य आधार नै शैक्षिक गुणस्तर भएको हुदा पुर्चौडी नगर शिक्षा योजना तर्जुमा गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिने छ ।

११. आजको सुचना र संञ्चार प्रविधिको युगमा पनि ईन्टरनेटको पहुँच बाट टाढा रही समय सापेक्षित शैक्षिक गुणस्तर हासिल गर्न नसकेको परिस्थिति लाई मध्यनजर गर्दै सवै विद्यालय हरुमा इन्टरनेटको पहुचँ विस्तार गरिनेछ।

१२. विद्यालयहरु बाट उच्च शिक्षा हासिल गर्ने जनशक्तिको संख्या बढेसंगै शैक्षिक वेरोजगारको संख्या पनी उत्तिकै बढेको पाईन्छ। तसर्थ प्राविधिक धारका विद्यालय संचालन गर्न जोड दिईनेछ।

१३. नगरस्वंयम सेवक शिक्षक हरुलाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ।

१४. शिक्षा सम्बन्धि कानुनहरुको निर्माण गरि लागु गरिनेछ। स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ।

१५. सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि शिक्षकहरुको क्षमता अभिबृद्धि कार्यक्रममा जोड दिइने छ।

१६. विद्यालय लेखा, जिन्सी तथा सुचना प्रणालीलाई व्यवस्थित गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ ।

१७. गरिव तथा जेहेन्दार विद्यार्थीहरुको लागि मेयर छात्राबृदि कार्यक्रम लागु गरिने छ ।

१८. खानेपानी सुविधा नपुगेका बस्ती तथा टोलमा आधारभूत स्तरको खानेपानी सेवा बिस्तार गरिनेछ।

१९. हिसां पिडित महिला असाहाय अनाथहरुको पुनस्थापनाका साथसाथै उनिहरु लाई आयआर्जनका क्रियाकलापहरुमा संलगन गराउन उचित तालिम प्रदान गर्ने कार्यको लागी सुरक्षित महिला उद्यमी घर निर्माण गरिनेछ।

२०. समाजमा पछाडी परेका दलित हरुको शसक्तिकरणका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ।

२१. महिलाहरुको उद्यमशिलता प्रवर्द्वनका लागी सिलाई कटाई सम्वन्धी तालिम संचालन गरिने छ।

२२. बालबालिकालाई बिपदबाट जोगाउन विद्यालय तथा समुदायस्तरमा बालबालिका लक्षित बिपद जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ र पूर्वाधार संरचनाको निर्माण गर्दा बालमैत्री बनाउन जोड दिईनेछ।

२३. दीर्ध रोगीका लागी निरन्तर औषधि सेवन गरिरहेका जेष्ठनागरिक हरुको औषधी उपचार सहायता प्रदान गरिने छ।

२४. जेष्ठ नागरिक माथि हुने हिंसा र दुर्ब्यवहार हटाई सम्मानजनक जीवनयापनको वातावरण निर्माण गर्न, जेष्ठ नागरिक सम्मान लगायतका कार्यक्रम संचालन गरिनेछ र जेष्ठ नागरिक दिवस मनाउने व्यवस्था गरिनेछ।

२५. स्थानीय तहका पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाउदै सेवा प्रवाहमा पहुँच पुऱ्याईनेछ। अपाङ्गता भएका नागरिकलाई सिप र स्वरोजगार कार्यक्रम तथा सहयोगी सामाग्री वितरण जस्ता बहु आयामिक कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२६. अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा तथा स्वास्थ्य सेवामा समाजिक संघ संस्थाहरुको सहभागितालाई प्रोत्साहित गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुको बर्गीकृत परिचय पत्र प्रत्येक महिनाको **एक दिन** वितरण गर्ने कार्यको थालनी गरिनेछ ।

२७. युवाको खेलकुद प्रतिको आकर्षणलाई मध्यनजर गरी युवा प्रतिभाको विकास गर्ने तथा खेलाडीलाई पुरस्कार तथा सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२८. नगरक्षेत्रभित्र खेलिने विभिन्न किसिमका खेलकुदहरुको प्रर्वद्धन गर्नका लागि विद्यालय तथा क्लवहरुसंगको समन्वयमा खेलकुद कार्यक्रम संचालन गरिनेछ।

२९. आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु संचालन गर्दा गैर सरकारी संस्था तथा सामुदायिक संस्थाहरुसँग समन्वय एवं सहकार्य गरिनेछ। गैर सरकारी संस्थाका क्रियाकलापलाई पारदर्शी,जवाफदेही र उत्तरदायी बनाउन उनीहरु समेत को सहभागितामा आवश्यक कानूनी एंव संस्थागत व्यवस्था गरिनेछ।

३०. नगर भित्र कार्यक्रम तथा योजना संचालन गर्न चाहाने गैर सरकारी संस्थाहरुले नगरपालिकाबाट पूर्वस्वीकृति लिनु पर्ने व्यवस्थामा थप कडाई गरिनेछ। यस्ता संस्थाहरुको कार्यको नियमन, अनुगमन र मुल्यांकन गर्ने पद्धतिलाई संस्थागत गरिनेछ ।

३१. आ.ब.२०७८।७९ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा यस पालिकाको लागत साझेदारी कायम गरिनेछ। वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्बाधारको समेत बिकास गरिनेछ। त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ । यस्तो साझेदारीमा आवश्यक कार्यबिधी बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट योगदान हुनेछ ।

३२. यसै गरी नगरपालिकाको पशुसेवा शाखा र कृषि बिकास शाखा मार्फत सम्पादन हुने क्षमता बिकास तथा सीप मुलक तालिमलाई रोजगार सेवाकेन्द्रसंग समन्वय गरी सुचिकृत बेरोजगारहरुलाई पहिलो प्राथमिकता दिएर सञ्चालन गरिनेछ । बैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ ।

३३. स्थानिय स्तरमा रोजगारीको प्रवर्द्दनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिने नीति लिइनेछ ।

३४. बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।

## (ग). पूर्वाधार विकास

३५. नेपाल विधुत प्राधिकरणको मुख्य बिधुत प्रशारण लाइन संग छिटो छरितो जोडेर उज्यालो पुर्चौंडी बनाउने कार्यको थालनी गर्नका लागि आवश्य रकम विनियोजन गरिनेछ ।

३६. सडक विकासको मेरुदण्ड हो । सडक विकास नभए सम्म अन्य विकासका सम्भावनाहरु उजागर हुन सक्दैनन् भन्ने यर्थाततालाई मनन गर्दै संघीय पुर्वाधार विकासमा नगरपालिकाको पहिलो ध्यान सडक संजालमा हुनेछ। नगरपालिका केन्द्र पहलो प्राथमिकता साथ स्तरोन्नती गर्ने कार्यको थालनी गरिनेछ । यस का लागी आवश्यक रकम विनियोजन गरिनेछ ।

३७. यस नगरपालिका अन्तर्गत संचालित पुल हरु निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

३८. नगरभित्र संचालन हुने सार्वजनिक यातायातको रुट तथा भाडादर निर्धारण गरी नियमन गरिनेछ।

३९. सार्वजनिक यातायातलाई लैंगिक तथा अपाङ्गमैत्री बनाउन जोड दिइनेछ ।

४०. वर्षादका कारण अवरुद्व हुने सडक लाई सुचारु गर्न सडक मर्मत सम्भार कोषमा प्रयाप्त रकम विनियोजित गरि निरन्तर यातायात सुचारु गरिनेछ। आगामी आर्थिक बर्षबाट नगरपालिका कार्यालयको लागी सहजतापूर्वक सेवा प्रवाह गर्न प्रशाशनिक कार्यको लागि आधुनिक सुविधायुक्त भवन निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

४१. नेपाल सरकारबाट स्वीकृत बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भवन संहिता समेतलाई आधार मानि पुचौंडी नगरपालिकाको भवन निर्माण ऐन, तर्जुमा गरिनेछ ।

४२. घरवार विहिन नागरिक हरुको घर निर्माणको लागी नागरिक आवास कार्यक्रम लाई निरन्तरता दिनेछ।

४३. नगरको डिजिटल (Digital) प्रोफाईल तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४४. वडाको विकासमा टोल सुधार समितिलाई प्रोत्साहान गरिने नीति अवलम्बन गरिने छ।

## (घ). वन, वातावरण तथा विपद् व्यवस्थापन

४५. विश्वव्यापी रुपमा फैलिरेहको कोरोना भाईरसका कारण सिर्जित परिस्थितिको सामना गर्न प्रकोप व्यवस्थापन कोष स्थापना गरिनेछ ।

४६. कोरोना (COVID-19) बाट संक्रमित विरामी हरुका लागी पुचौंडी नगरपालिका हाँटमा ३० कोठे आईसोलेसन भवन व्यवस्थित गरिनेछ। पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य सहित कोरोना महामारी बिरुद्द लड्न, कोरोना भाइरसको नयां संक्रमण दरलाई रोकथाम गर्न, संक्रमितहरु को समयमा नै उपचार गरी मृत्यु हुन बाट जोगाउन नगरपालिका ले मिति २०७७ साल कार्तिक २४ गते एक जना MBBS डाक्टर र २ जना नर्स सहित ५ शैयाको कोभिड-१९ अस्थाई अस्पताको सेवालाई थप विस्तार गरिनेछ।

४७. वडास्तरमा समेत विपद् व्यवस्थापन समितिको गठन गरी समुदायमा आधारित विपद् जोखिम न्यूनिकरण र ब्यवस्थापनका कार्यहरु संचालन गरिनेछ र विपद् ब्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, उद्योग बाणिज्य संघ लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक संघ संस्थाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडी वढाइनेछ ।

४८. विपद् ब्यवस्थापनको कार्यमा संलग्न स्वयमसेवकहरु, कर्मचारी तथा पदाधिकारीको क्षमता बिकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । नगरस्तरीय विपद् ब्यवस्थापन कोषलाई क्रियाशील बनाई उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४९. नगरपालिका भित्र सुशासनको प्रर्वद्धन एंव भ्रष्टाचारमा शून्य सहनशिलताको नीतिलाई प्रभावकारी साथ कार्यान्वयन गरिनेछ ।

## (ङ).सुशासन तथा संस्थागत विकास :

५०. आम्दानी तथा खर्चको विवरण समय समयमा सार्वजनिक गरी सोको बिवरण वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाईनेछ । वित्तीय जोखिम न्यूनिकरणका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

५१. सुशासन र गुनासो व्यवस्थापनको लागि हेल्प डेस्कको स्थापना गरिनेछ र त्यस्तो हेल्प डेस्कमा कम्तिमा प्रत्येक दिन एकजना कर्मचारी पुरै समय रहेर कार्यालयको कामको रेखदेख र सेवाग्राहीको गुनासो सुन्ने व्यवस्था गरिनेछ ।

५२. प्रत्येक योजना तथा कार्यक्रम संचालन गर्दा कार्यविधी वनाई निश्चित मापदण्ड वमोजिम संचालन गर्ने तथा कार्यालयबाट भए गरेका कामलाई पारदर्शि गर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

५३. कर्मचारीको मनोवल उच्च बनाउन स्पष्ट मापन योग्य सूचक सहितको कार्यसम्पादनमा आधारित रहि अतिरिक्त सेवा र समयको आधारमा स्थानीय सुविधा प्रदान गरिनेछ ।

५४. कर्मचारिको उतकृष्ठ कार्यसम्पादनको आधारमा एक जना कर्मचारी लाई वर्षभरिमा छनौट गरि पुरुस्कार सहित सम्मान गरिनेछ ।

५५. घरनक्शा पास र राजस्व संकलन गर्ने कार्यलाई प्रभावकारी ढंगले सेवा प्रवाह गर्न आगामी आर्थिक वर्षबाट सेवाको थालनी गरीनेछ ।

५६. नगरपालिकालाई आवश्यक पर्ने कार्यालय उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीति लिइनेछ ।

५७. कार्यालयको तर्फवाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययी र प्रभावकारी वनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न लगाइने व्यवस्था मिलाइनेछ ।यस कार्यलाई व्यवस्थित गर्न भ्रमण स्वीकृति कार्यविधी वनाई लागु गरिनेछ ।

५८. नगरपालिकावाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई वढि प्रतिस्पर्धात्मक वनाउन विद्युतीय वोल कवोल (E-Bidding)को माध्यम बाट ठेक्का प्रक्रियालाई अगाडी बढाईनेछ ।

५९. नगरपालिका भित्र कार्यरत कर्मचारीको मनोबल उच्च राख्न सेवा सुविधा समय सापेक्ष अनुसार वृद्धि गरि कार्य सम्पादनमा प्रभावकारीता हासिल गर्ने नीति लागु गरिनेछ ।

६०. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन नगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सवै आयोजना र कार्यक्रमहरुको सार्वजनिक परिक्षण गरिनेछ ।

६१. आन्तरिक लेखा परिक्षण पद्धतिलाई प्रभावकारी वनाइनेछ । वेरुजु हुन नदिने र भएकालाई सिघ्र फच्र्यौट गर्ने प्रक्रिया अवलम्वन गरिनेछ ।

६२. विधुतीय माध्यमबाट संचालन भईरहेको नगरपालिकाका सेवा प्रवाहलाई थप परिमार्जन सहित निरन्तरता दिईनेछ ।

६३. कार्यालयमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ । वेवसाईटलाई नियमित रुपमा अद्यावधिक गरी नगरको बस्तु  स्थिति झल्किने खालका सूचनाहरु निरन्तर सार्वजनिक गरिनेछ ।

६४. अनलाईन प्रणाली मार्फत गुनासो दर्ता र सोको फर्छ्यौटको जानकारी दिने व्यवस्थाको क्रमशः विकास गरिनेछ ।

६५. पुर्चौडी नगरपालिकाको आधिकारीक वेभसाइडको नियमित अपडेट गरी नागरिकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित वनाइनेछ ।

६६. व्यक्तिगत घटना दर्ता कार्यक्रम अनलाइन मार्फत् नागरिकले निवेदन गर्न सक्ने गरी वडा तहवाट कार्यान्वयन गरि प्रभावकारी वनाउदै अन्य सेवाहरु समेत अनलाइनवाट उपलव्ध गराउने नीति लिइनेछ ।

६७. नगरपालिकाको कार्य प्रणालीलाई सुरक्षित पारदर्शी र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमशः CCTV  जडान गरिनेछ ।

६८. नगरका गतिविधिहरु नगरवासी समक्ष पुर्याउन नगरको मुखपत्रको रुपमा त्रैमासिक नगर वुलेटिन प्रकाशन गरिनेछ । रेडियो तथा टेलिभिजन मार्फत् नगर गतिविधि प्रसारण गरिनेछ ।

६९. विद्युतीय हाजिरीलाई  सुशासन पारदर्शिता र जवाफदेहिता प्रर्वद्धनमा थप प्रभावकारिता ल्याइनेछ ।

७०. नागरिक सेवालाई छिटो छरितो र सरल बनाउन विभिन्न प्रकारका फारमहरु अनलाइन प्रणालीबाट समेत उपलब्ध गराइनेछ । सेवा प्रवाहमा जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, असहाय तथा गर्भवती महिलालाई बिषेश प्राथमिकता दिईनेछ ।

७१. अभिलेख व्यवस्थापनका कार्यहरु सूचना प्रविधिमा आधारित हुनेछ र महत्वपूर्ण सूचनाहरुलाई माइक्रोफिल्म तयार गरी सुरक्षित राखिनेछ ।

७२. आन्तरिक राजस्वको दायरालाई थप विस्तार गरिनेछ ।

७३. नगर क्षेत्र भित्र व्यापार व्यवसायी संचालन गरि रहेका सम्पुर्ण व्यापारी हरुलाई व्यवसायीक करको दायरामा ल्याईने छ ।

७४. नगरपालिका बाट संचालित योजना तथा कार्यक्रम हरुको सुचनामा पहुच अभिवृद्धि गरिनेछ। गुनासो सुनुवाई, सार्वजिनक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यलाई थप प्रभावकारी बनाईने छ ।

सभा सदस्य ज्यू

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनबाट पुर्चौडी बासीको आर्थिक सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार,रोजगारी सिर्जना, राजश्व संकलनमा उल्लेखनीय बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधारआई सुशासनको देखिने गरी अनुभूति हुने बिश्वास लिएको छु ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमा गर्नुमा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणिय नगर उप प्रमूखज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजकज्यू र सदस्यज्यूहरु, योजना तर्जुमा समितिका सचिवज्यू, राजश्व परामर्श समिति र बिषयगत समितिका सचिवज्यूहरु, कार्यपालिका सम्पूर्ण सदस्यज्यूहरु, नगरपालिकाका विभिन्न शाखाका कर्मचारी हरु तथा प्राविधिक कर्मचारी साथीहरु त्यसैगरी नीति तथा कार्यक्रम तर्जुमा समितिलाई महत्वपूर्ण सल्लाहा सुझाव दिनु हुने संविधान सभाका सदस्य श्री नरेन्द्र बहादुर कुवर ज्यू , विभिन्न राजनैतिक दलका नेताहरु, उद्योग वाणिज्य संघका पदाधिकारी सदस्यहरु, र सल्लाहकार ज्यूहरु, आदिबासी जनजाती अभियन्ताहरु, महिला संजाल, नगरबाल संजाल, दलित अभियान्ताहरु, नागरिक समाज, ज्येष्ठ नागरिक, पत्रकारहरु लगायत अमुल्य सल्लाह सुझाव दिनु हुने सम्बन्धित सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यबाद दिन चाहान्छु ।

**धन्यबाद !**